स्थानीय राजपत्र

राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः५ संख्याः५ मितिः२०७८/१२/२२

# भाग २

# राप्ती गाउँपालिका, दाङ

**कार्यपालिकाबाट स्वीकृत २०७८/११/२७**

# राप्ती गाउँपालिकाको बाल संरक्षण नीति- २०७८

## १. पृष्ठभूमि

### राप्ती गाउँपालिकाको परिचय:

### क) भौगोलिक अवस्थिति

नेपालको मध्य पश्चिम क्षेत्रका रहेका दाङ जिल्लाको पूर्वीभागमा अवस्थित राप्ती गाउँपालिका भित्री मधेश तथा चुरे क्षेत्रमा अवस्थित छ । राप्ती गाउँपालिका साविकमा भएका २ वटा गाउँविकास समितिहरु लालमटिया र सिसहनीयाको सवै भाग तथा हाँसिपुर गाउँविकास समितिहरु साविक वडा नं १ र २ वडालाई पुर्नसंरचना गरी हाल ९ वटा वडामा पुर्नसंरचना गरिएको छ । हाल यसको प्रशासनिक केन्द्रको रुपमा मसुरिया राखिएको छ । यो गाउँपालिका २७ डिग्री ४९ मिनेट ५ सेकेण्ड देखि २७ डिग्रि ५५ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांस सम्म र ८२ डिग्रि ३६ मिनेट ८ सेकेण्ड देखि ८२ डिग्रि ४८ मिनेट २६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ । कूल क्षेत्रफल १६१ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकाको पूर्वमा राप्ती नदीपारी अर्घाखाँची जिल्ला र  दक्षिणमा राप्ती नदी तथा गढवा गाउँपालिका, उत्तर पूर्वमा प्यूठान, उत्तरमा वंगलाचुली गाउँपालिका तथा पश्चिममा लमही नगरपालिका, सिंगेखोला पर्दछ । यस गापाको बीचवाट करीव १५ कि.मि पूर्वपश्चिम राजमार्ग पर्दछ । यो गाउँपालिका समथर तथा सिंचाई सुविधा भएको कारण अति उर्वर समेत भएकाले कृषि खेती तथा तरकारी वालीको लागि राम्रो संभावना छ । यस गाउँपालिका क्षेत्रमा व्राम्ह्ण क्षेत्री, ठकुरी, मगर, थारु, दलित र मुश्लिमहरुको वसोवास रहेको छ ।

### ख) ऐतिहासिक चिनारी तथा नामाकरण

राप्ती गाउँपालिका दाङ जिल्लाको सदुरपूर्वी क्षेत्रमा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अर्न्तगत राज्य पुर्नसंरचनामा स्थानीय तहको नँया सिमांकन गर्दा यो गाउँपालिका साविकका ३ वटा गाविसहरुमाबाट रुपान्तरण भई स्थापना भएको हो । यो गाउँपालिका जातिगत तथा सांस्कृतिरुपमा बिशिष्टता र बिविधता वोकेको गाउँपालिका हो ।  आदिबासी थारु, मगर र क्षेत्री वाम्ह्णहरुको समेत यस गाउँपालिकमा बसोबास रहेको छ । यस गाउँपालिकाको पूर्वी तथा दक्षिणी भागवाट समग्र देउखुरीकै सम्पत्ति, प्रमुख ऐतिहासिक श्रोतको रुपमा रहेको र समुन्नत कृषि प्रणालीको आधार राप्ती नदीले यस गाउँपालिकालाई चिनाएको छ ।

ऐतिहासिक तथा पर्यटकीय महत्व तथा प्रसिद्ध धार्मिक आस्थाको केन्द्रको रुपमा रहेका प्रसिद्ध भद्राक्षी देवी मन्दिर यसै गाउँपालिकामा पर्छ । स्वस्थानी व्रत कथामा उल्लेख भएअनुसार महादेव पत्नी सतीदेविको देव्रे घुडा पतन भएको स्थान यो ऐतिहासिक तथा प्रसिद्ध ऐतिहासिक महत्वका स्थल यस गाउँपालिकाका भित्र पर्दछ ।

### ख.१ नामाकरण

राप्ती गाउँपालिको नामाकरण सम्बन्धमा रहेको धारणा अनुसार यो क्षेत्र देउखुरी उपत्यकाको जलभण्डारको रुपमा रहेको राप्ती नदीको सिंचित भूमी हो । यहाँ राप्ती र यसका सहायक नदीहरु पूर्ववाट क्रमश पश्चिम तर्फ वहेको छ । यस क्षेत्र भएर राप्ती नदी वहने हुनाले आदिकालदेखि यस क्षेत्रलाई राप्ती क्षेत्र नै भनिदै आएको हो । त्यसैले हाल राज्य पुर्नसंरचनामा यस गाउँपालिकाको नाम राप्ती राखिएको हो ।

### ग) राजनीतिक अवस्थिति

राजनैतिक विभाजनको आधारमा दाङ जिल्लाको निर्वाचन क्षेत्र न १ (क) अर्न्तगत पर्ने राप्ती गाउँपालिका जम्मा ९ वटा वडाहरुमा विभाजन भएको छ । साविकको २ वटा गाउँविकास समितिहरु सिसहनिया र लालमटियाको सवै साविकका वडाहरु र हाँसिपुरको २ वटा वडाहरुलाई पुर्नसंरचना गरी राप्ती गाउँपालिका कायम गरिएको छ । यस गाउँपालिकाको केन्द्र वडा न. ३ को मसुरीयामा रहेको छ ।

तालिका न. १: गाउँपालिकाको राजनीतिक विभाजन

| हालकोवडा नं. | समावेश भएको गाविस | साविक वडा नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | लालमटिया | ३ | २२.७ | |
| २ | लालमटिया | ४ र ७ | २३.९ | |
| ३ | लालमटिया | १, २ र ८ | ९ | |
| ४ | लालमटिया | ५, ६ र ९ | १५.८ | |
| ५ | सिसहनिया | ५ र ७ | ४२.२ | |
| ६ | सिसहनिया | ८ र ९ | ९ | |
| ७ | सिसहनिया | १, २ र ३ | ८.३ | |
| ८ | सिसहनिया | ४ र ६ | ९.२ | |
| ९ | हाँसीपुर | १ र २ | २१.६ | |
| जम्मा | | | १६१.६ | |

### घ) धरातलीय अवस्था

यो राप्ती गाउँपालिका भित्री मधेश, चुरीया क्षेत्र हुदै महाभारत पहाडसम्म फैलिएकोले यहाँको भौगोलिक स्वरुपमा समेत विविधता पाईन्छ । यहाँ उत्पन्न भएका खोला तथा खोल्सीहरु क्रमशः उत्तरबाट दक्षिणतर्फ विभिन्न जलाधारमार्फत राप्ती नदीमा मिसिन्छ। यस गाउँपालिकाका अधिकांश क्षेत्र चुरे भूभाग अर्न्तगत पर्दछन् । यस गाउँपालिकाको वडा नं. २, ४, ३, ६, ७ र ८ वडाहरु समथर जमिन पर्दछ। अन्य वडाहरु होचो चुरे क्षेत्रभित्र अवस्थित छन् । राप्ती नदीको किनार सिंचाईको सुविधा भएको भागहरु कृषिको लागि महत्वपूर्ण रहेको छ । भौगोलिक विविधताले गर्दा यहा पाईने वनस्पति तथा जैविक विविधतामा समेत एकरुपता देखिदैन । यस राप्ती गाउँपालिकाको भौगोलिक अवस्थति अनुसार क्रमश दक्षिणी तथा पर्वी मोहडा क्षेत्रबाट उत्तरतर्फ भिरालोपना बडदै गएको छ । यस गाउँपालिकाको न्यूनतम उचाई २५३ मिटर र अधिकंतम उचाई ११९४ मिटर उत्तरी सिमाना सम्म रहेको छ।

### प्राकृतिक सम्पदा

राप्ती गाउँपालिकाको प्राकृतिक सम्पदाहरुमा यहाँको उर्भरायुक्त माटो, वनस्पति, नदी र नदीजन्य उत्पादन, खानी आदि रहेका छन् । यहाँ रहेका सरकारी, निजी र सामुदायिक वनहरुमा भौगोलिक स्वरुप अनुसार जैविक विविधतामा पनि फरकपना रहेको छ । चुरे तथा भित्री मधेशसँग जोडिएको भूभागहरुमा कडा काठ तथा निम्नपहाडी क्षेत्रहरुमा नरमकाठका रुखहरु पाईन्छ । जैविक विविधताले सम्पन्न राप्ती सामुदायिक वन क्षेत्र यसै गाउँपालिका अर्न्तगत पर्दछ । यसैगरी राप्ती नदीमा रहेको पानी, ढुङ्गा, बालुवा जस्ता नदीजन्य उत्पादन पनि यस गाउँपालिकाको प्राकृतिक स्रोतको रुपका रहेको छ । साना सिमसार क्षेत्र पनि यस गाउँपालिका रहेको छ । सागसब्जी खेति तथा अन्य नगदेबाली प्रवर्द्धनको लागि उर्भरयुक्त माटो यस गाउँपालिका भित्र रहेको छ। प्राकृतिक रुपमा रहेको पर्यापर्टन क्षेत्र र होचा श्रृङ्खलावद्ध पहाडहरु यहाँको महत्वपूर्ण सम्पत्तिको रुपमा रहेको छ ।

### साँस्कृतिक उत्कृष्टता

विभिन्न धर्मसम्प्रदायमा आस्था एवंम विश्वास प्रकट गर्ने भिन्न भिन्न जातजातीको वसोबास रहेको यस राप्ती गाउँपालिकाक्षेत्र सांस्कृतिक रुपमा समेत विविधता पाईन्छ।। ब्राम्ह्ण, क्षेत्री, थारु, मगर, दलित, मुश्लिम समुदायको मिश्रित बसोबास रहेको यो गाउँपालिकामा जातीय मौलिक परम्परा अनुसारको संस्कृति अपनाउने गरिएको छ। थारु जातीहरुको ऐतिहासिक थलोको रुपमा यो गाउँपालिका रहेको छ । यस गाउँपालिकाका कतिपय स्थानहरुको नामावली समेत थारु भाषाबाट राखिएको छ । जाति विशेष अनुसार मनाईने हिन्दूहरुको दशै तिहार, मुश्लिमहरुको रमजान, इद, थारुहरुको माघी, गुरी, अष्टमकी र अन्य तिथि अनुसारका चाडपर्वहरु पनि मनाइने गरेको छ। यी चाडपर्व मनाउने क्रममा सांस्कृतिक पहिरन समेत लगाउने गरिएको पाईन्छ । यस गाउँपालिका क्षेत्रमा लाग्ने माघेसंक्रान्ती मेला, शिवरात्री भेला, प्रकृति पूजा, कालरात्री मेला, श्रीपंञ्चमी मेला, पूर्णिमा मेला यहाँको प्रमुख साँस्कृतिक उत्कृष्टता हुन् ।

### ङ) राप्ती विकासका संभावनाहरु

समग्र राप्ती गाउँपालिका विभिन्न पक्षलाई समेटेर अध्ययन गर्दा विकासका संभावनाहरु निम्नानुसार रहेको छन् । यस संभावनाहरुलाई योजनावद्ध ढंगले काम गर्दा गाउँपालिका क्षेत्रको विकासमा ठूलो योगदान हुने छ । जुन निम्नानुसार रहेको छ । सवै वुदाहरुको विस्तृत विवरण यस वस्तुगत विवरणमा समेटिएको छ ।

- कृषि तथा सिंचाई
- मौरी पालन
- दूध उत्पादन
- व्यबसायिक बाख्रापालन
- सामुदायिक वन सम्पदा, जडिवुटी
- प्राकृतिक श्रोतहरु (जल, वनजंगल)
- सघन बाली उत्पादन पकेट क्षेत्र
- धार्मिक पर्यटन
- सास्कृति पर्यटन (र्याफटिङ्ग)
- व्यापारिक केन्द्र उत्तरी पहाडी जिल्लाहरुको प्रवेशद्धार
- प्राविधिक शिक्षालय भएकोले (हव)
- पूर्व पश्चिम राजमार्ग

### च) ग्राहर्स्थ उत्पादन

राप्ती गाउँपालिका मुख्यता कृषि पशुपालनमा आधारित अर्थतन्त्र तथा भएको गाउँपालिका हो । यहाको अधिकांश जनसंख्याको जिविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय नै रहेको देखिन्छ । यस गाउँपालिकाको अर्थतन्त्रमा व्यवसायिक रुपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, पशुपालन, दुध उत्पादन, मह, तोरी वन आदिले मुख्य योगदान पुऱ्याउदै आएको देखिन्छ । यसका साथै आर्थिक अवस्थालाई यिनै क्षेत्रको उत्पादन, गैह्र कृषिजन्य उत्पादन, सेवा, व्यापार तथा बैदेशिक  रोजगारी जस्ता आर्थिक क्षेत्रलाई योगदान गर्ने आर्थिक संरचना, कुल ग्रार्हस्थ उत्पादन, निर्यातको अवस्थालाई विश्लेषण गरिएको छ ।

कुल गार्हस्थ उत्पादन (Gross Domestic Product-GDP) र प्रति व्यक्ति कुल ग्रार्हस्थ उत्पादन ( Per Capita Gross Domestic Product) लाई आर्थिक विकासको महत्वपुर्ण सूचकका रुपमा लिइदै आएको छ । कुल ग्रार्हस्थ उत्पादन विश्लेषणका लागि उत्पादन विधि, आय विधि तथा खर्च विधिको प्रयोग गर्ने प्रचलन रहेको छ । उत्पादन विधिमा साधनको लागत मुल्य (Factor cost) तथा उत्पादन मुल्य (Production Price) को विधि अपनाउने गरिन्छ । आय विधिमा हरेक नागरिकको वार्षिक आम्दानीको गणना गरिन्छ भने खर्च विधिमा हरेक व्यक्तिले १ वर्ष अवधिमा गर्ने कुल खर्चलाई आधार मान्ने गरिन्छ । जसअनुसार दाङको/राप्तीको प्रतिव्यक्ति कुल ग्रार्हस्थ उत्पादन रु. ७६,१२१ (अक्षरेपी छयहत्तर हजार एक सय एक्काइस रुपैयाँ) अर्थात ७७६ अमेरिकी डलर रहेको देखिन्छ । खानी तथा उत्खनन्, रियल स्टेट तथा व्यवसायिक सेवा र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा लगायत सुचकका अन्य क्षेत्रको व्यवस्थित अभिलेखीकरण अध्यावधिक नपाइएकाले कुल ग्राह्यस्थ उत्पादन यो भन्दा बढी हुन सक्ने अनुमान गरिएको छ ।

### छ) मानव विकास सूचकांक

समग्र नेपालको मानव विकास सूचकाङ्क ०.४९० रहेको देखिन्छ भने दाङ्ग जिल्लाको ०.४८५ (Arithmetic Mean) तथा ०.५३७ (Geometric mean) देखिन्छ । राप्ती गाउँपालिकाको पनि समग्र जिल्लाकै मानव विकास सूचकाङ्कले प्रतिनिधित्व गर्दछ । यहाको औषत आयु ६७.३३ बर्ष रहेको छ ।

तालिका न. २: अन्य सूचकाङ्कहरु

| सूचक | विवरण | कैफियत |
|---|---|---|
| आर्थिक रुपले संकृय जनसंख्या जिल्ला | ६६.८ प्रतिशत | |
| नेपालको मानव विकास सूचकाङ्क | ०.४९० | |
| दाङ्ग जिल्लाको मानव विकास सूचकाङ्क | ०.४८५ (Arithmetic Mean)<br>०.५३७ (Geometric mean) | |
| औषत आयु दाङ | ६७.३३ | |
| बिद्यालय जाने औषत उमेर | ३.८३ बर्ष | |
| प्रतिव्यक्ति आय (नेपालको) PPP डलर | ११६० | |
| प्रतिव्यक्ति आय ( जिल्ला/ दाङ ) PPP डलर | ११२७ | |
| Human Poverty index (HPI) (नेपाल) | ३१.१२ | |
| Human Poverty index (HPI) -मध्यपश्चिम) | २९.२२ | |
| Human Poverty index (HPI) (दाङ /राप्ती) | २६.९६ | |
| Per Capita Gross National income -नेपाल) | ७१८ डलर | |
| Per Capita Gross National income - दाङ /राप्ती) | ७८० डलर | |
| जनसंख्या बृद्धि दर दाङ जिल्ला | १.७८ | |
| प्रजनन दर | २.६ | |
| गरिवीको दर दाङ जिल्ला | २५.०५ | |
| गरिवीको बिषमता दाङ जिल्ला | ५.९ | |
| गरिवीको गहता दाङ जिल्ला | २.०३ | |

**ज) वस्ती र घरपरिवार विवरण**

राप्ती गाउँपालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाका वडाहरुको जनसंख्या तथा घरपरिवारहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं २ र ३ मा रहेको छ। त्यस्तै सबैभन्दा थोरै घरधुरी  वडा न. ९ मा रहेको छ। वडागत वस्ति तथा घरपरिवार विवरण तल तालिकामा दिइएको छ।

तालिका न.३: वडागत वस्ति तथा घरपरिवार विवरण

| वडा नं. | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | मुख्य वस्तिहरु |
|---|---|---|---|
| १ | ११६६ | ५१०५ | शान्तिपुर (चैते)  बगाहासोती, भालुवाङ, पाखापानी, मच्छिताल |
| २ | १३४२ | ६७९२ | एकता नगर, लालमटिया, कालिका चोक, रामनगर, वराखुरी, कटाहा, मुक्ति नगर, स्यानीघोष, बाहुनी पाटा |
| ३ | १२४१ | ६६४१ | वसन्तपुर, खुररिया, मसुरिया |
| ४ | १२१५ | ५९६२ | मौरीघाट, जनकपुर, खिनैरा, सुन्दरपुर, नयाँगाउँ |
| ५ | ७५६ | ३९०४ | सिसहनिया, लठहवा, पहरवा, करंगे |
| ६ | ९१८ | ५१९० | बगरापुर, सगरापुर, भगवानपुर, मझेरिया, पत्थरगढवा |
| ७ | ८४५ | ४५५४ | भानपुर, अननपुर, जितपुर, छोड्की सिसहनिया, बड्का सिसहनिया, जगपुर |
| ८ | ९२० | ४५६२ | पिपरी, पिपरा, विजौरी, कोहलवा |
| ९ | ३६० | १७२३ | देवीकोट, रुपाकोट |
| **जम्मा** | ८७६३ | ४४४३३ | |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७५*

### झ) जनसंख्या वितरणको अवस्था

यस गाउँपालिकामा जम्मा ८७६३ घरधुरी रहेको छ भने जम्मा जनसंख्या ४४४३३ रहेको छ। जनअनुसार पुरुष ५१.३ प्रतिशत र महिला ४७.७ प्रतिशत रहेको छ। त्यसैगरी प्रतिपरिवार औषत जनसंख्या ५.०७ जना रहेको छ। वडागत आधारमा जनसंख्या वितरणको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ। जसमा जम्मा जनसंख्या ४४४३३ (पुरुष २२७८३ जना, महिला २१६३७ जना र तेस्रो लिङ्गी  १३) रहेको छ।

तालिका न. ४: वडागत आधारमा जनसंख्या वितरण

| वडा नं. | जम्मा घरधुरी संख्या | पुरुष | महिला | तेस्रो लिंगी | जम्मा जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|
| १ | ११६६ | २६७४ | २४२४ | ७ | ५१०५ | २२४ |
| २ | १३४२ | ३५११ | ३२८१ | ० | ६७९२ | २८४.१८ |
| ३ | १२४१ | ३४०२ | ३२३८ | १ | ६६४१ | ७१.२२ |
| ४ | १२१५ | ३०७५ | २८८७ | ० | ५९६२ | ३७७.३ |
| ५ | ७५६ | १९६३ | १९३९ | २ | ३९०४ | ९२.५ |
| ६ | ९१८ | २६६७ | २५२३ | ० | ५१९० | ५७६.६ |
| ७ | ८४५ | २२१९ | २३३३ | २ | ४५५४ | ५४८.६ |
| ८ | ९२० | २३८० | २१८२ | ० | ४५६२ | ४९५.८८ |
| ९ | ३६० | ८९२ | ८३० | १ | १७२३ | ७९.७ |
| **जम्मा** | ८७६३ | २२७८३ | २१६३७ | १३ | ४४४३३ | २७४.९ |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७५*

**ञ) पालिकामा बालबालिकाको अवस्था:**

बाल अधिकार हामिसबैको सरोकारको बिषय हो । यस गाउँपालिकामा बालबालिकाहरुको अवस्था हेर्दा गरीबी, मादक पदार्थ सेवन, बाल अधिकार प्रतिको चेतनाको कमी आदिका कारणले घरेलु हिंसा, अपहेलना, भेदभाव, बालबिवाह, सुधारको लागि सजाय र बालश्रममा (घरेलु, होटल तथा पालिका भन्दा बाहिर काम गर्न जाने) रहेका तथा जोखिम अवस्था एवं बिद्यालयमा आधारभूत तह सम्मको शिक्षा पुरा गर्न नसकेका बालबालिकाहरु देखा पर्दछन् । बालबालिकाहरुले बाल्यावस्थामा आफ्नो हदै सम्मको सर्वाङ्गिण व्यक्तित्व बिकास गर्ने अवसरको रुपमा माया स्नेह, शिक्षा, स्वास्थ्य, संरक्षण, सुरक्षा र सहभागगिता प्रमुख रहेका छन् । अपहेलना, हिंसा, दण्ड सजाय, बालश्रम, ओसारपसार, जोखिमपुर्ण व्यवहार आदि बालबालिकाहरुको बिकासका बाधक तत्व हुन् । यस पालिकामा बालबालिकाहरुको लागि बार्षिक योजना तर्जुमाको समयमा बालबालिकाहरुको बिकास, शिक्षा, स्वास्थ्य, खेलकुद आदिका लागि केहि बजेट तथा कार्यक्रमहरु छनौटमा पर्ने भए तापनि पालिका स्तरिय नितिगत व्यवस्थाहरुको अभावका कारणले बाल सुरक्षा, संरक्षण तथा सहभागिताको प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन गर्न चुनौतीहरुको सामना गर्नुपरीरहेको छ ।

बालअधिकारका प्रमुख ४ वटा क्षेत्रहरु छन् बाँच्न पाउने, बिकास, सहभागिता र संरक्षण । यि क्षेत्रमध्य बालसंरक्षण कार्य बालअधिकार प्रवर्द्धनको एउटा महत्वपूर्ण पक्ष हो । बिशेष गरि आज भन्दा २६ बर्ष अगाडी देखि बालसंरक्षण र अधिकारको सर्म्वधनको लागि सरकारी निकाय तथा गैरसरकारी संस्था एवम् सरोकारवाला निकायहरूले काम गरिरहेका छन् । यसको लागि नेपालले अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा दर्शाएको प्रतिवद्धताप्रति उत्तरदायी हुन तथा देशको संविधान, कानुन, राष्ट्रिय कार्य योजना, बिभिन्न स्थानीयतहको योजना र कार्यक्रमले सकारात्मक परिबर्तनका आधारहरु प्रदान गर्दै आएका छन् । यिनै प्रयासहरुको परिणाम स्वरुप नेपालको संबिधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत कुनैपनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखीमपुर्ण काममा लगाउन नपाउने प्रावधान उल्लेख भएको छ । यसरी नै उक्त धारामा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने, कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने समेतका अधिकारहरु उल्लेख भएको छ । प्रत्येक बालबालिकालाई बाल अनुकूल न्याय पाउने, असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने कुराको प्रत्याभूति समेत गरेकोछ ।

यस अभियानमा सबै स्थानीय तहहरू, बालकेन्द्रित संस्था तथा विकासका साझेदार संस्थाहरुले सहकार्य, साझेदार संगै सरकारले गरेको प्रतिवद्धता पुरा गराउनका लागि पैरवी पनि गरिरहेका छन् । यस महत्वपुर्ण कार्यलाई प्रभावकारी बनाउन बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३ को उपदफा (२) र दफा ७ को उपदफा (१०) ले स्थानिय तहले नीति मापदण्ड बनाउन सक्ने अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिनमा रहि राप्ती गाउँपालिकाको तर्फबाट यस बाल संरक्षण नीति २०७८ पारित गरेको छ ।

## २. बालसंरक्षण नीतिको उद्देश्य

बालअधिकार प्रतिकुल हुने विभेद, दूर्व्यवहार, हिंसा, बेचबिखन र ओसारपसार, बालश्रम, बञ्चितीकरण, शोषण, अपहेलना लगायत बालबालिकालाई हानी पुर्‍याउने सबै जोखिम अवस्थाबाट संरक्षण प्रदान हुने अवस्थाको सुनिश्चित गरी बालअधिकारको प्रवर्द्धन गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ ।

**३.बालसंरक्षण नीतिको अपरिहार्यता**

नेपालको परिप्रेक्षमा, नेपाल सरकारले अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा दर्शाएका प्रतिवद्धताहरु, बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३ को उपदफा (२), दफा ७ को उपदफा (१०) र लुम्बिनि प्रदेशको बालबालिका सम्बन्धि ऐन २०७६ को दफा १९ ले तोकेको स्थानिय तहको दायित्वलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पालिका स्तरिय बालसंरक्षण नितिको अभावमा बालबालिकाहरुको सुरक्षा, संरक्षण, बिकास र सहभागिताको लागि प्रभाकारी संयन्त्रको अभाव र योजना तर्जुमा प्रक्रियामा बालबालिकाहरुको लागि प्रभावकारी कार्यक्रमहरु संचालन गर्न असहज स्थिति रहेको छ । अतः स्थानीय तहमा पनि बालबालिकाको उज्वल भविष्यको सुनिश्चिततताको लागि बालबालिका संरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गर्न गाउँपालिका स्तरिय बालसंरक्षण नीतिको विकास गर्नु अपरिहार्य देखिएको छ ।

**४. पालिकाको समस्या**

नेपालले बालसंरक्षण र बालअधिकारको सवालमा थुप्रै उपलब्धिहरु हाँसिल गरेको छ । सबिंधानमा नै बालबालिकाको हकलाई मौलिक हकको रुपमा घोषित गरेको छ । बालबालिका संबन्धि ऐन २०७५ पारित गरी कार्यान्वयन गरेको छ । बाल अधिकार परिषद गठन भएको छ । उच्च जोखिममा रहेका बालबालिकाहरुको संरक्षण र रेखदेखको लागि बिभिन्न जिल्लाहरुमा बाल गृहको स्थापना समेत भएको छ । देशै भरी बाल क्लब र सञ्जालहरु गठन गरिएका छन् । यति हुँदाहुदै पनि बालसंरक्षण प्रति प्रतिबद्ध तथा बालमैत्री समाजको बिकास अझै भैसकेको छैन । बालबालिकाहरुको संरक्षण, सुरक्षा, बिकास र सहभागितको क्षेत्रमा संबिधान, तथा ऐन कानुनले अपेक्षा गरेको लक्ष्य हासिल गर्न नसक्नुको प्रमुख समस्या तथा चुनौतीहरु निम्न अनुसार रहेका छन्:

१) बालअधिकार तथा बालसंरक्षण सम्बन्धि स्पष्ट नितिको अभाव, २) बालबालिकाको हक अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने प्रभावकारी संयन्त्र र सक्षम मानव संसाधनको कमी, ३) कार्यगत प्रतिवद्धताको कमी हुनु, ४) बालबालिकाका सवालहरू पालिकामा विकास प्रक्रियाको प्राथमिकतामा नपर्नु, ५) बालअधिकार र बालसंरक्षणका मूलभूत सवालहरुमा चेतनाको कमी हुनु, ६) जोखिम अवस्थामा रहेका बालबालिकालाई तुरुन्त सहयोग गर्ने संस्थागत संरचनाको अभाव र आर्थिक स्रोतको व्यवस्था नहुनु, ७) बालसंरक्षणको सवालमा कार्य गर्ने सहयोगी संस्था र नागरिक समाजवीच आवश्यक समन्वय र सहकार्यको कमी हुनु, ८) स्थानीय तह नै बालअधिकार र बालसंरक्षणप्रति स्पष्ट नहुनु, र ९) बालबालिकाका हक अधिकारमा आमनागरिकहरुको प्रतिबद्धतामा कमी हुनु आदि रहेका छन् ।

**यसका अतिरिक्त यस पालिकामा देखा परेका निम्न अनुसारका चुनौतीहरु पनि छन्:**

१) बालअधिकार सुनिश्चित गर्न विभिन्न आर्थिक बिपन्नता र सामाजिक कठीन अवस्थामा रहेका बालबालिका एवम् अपाङ्गता भएका बालबालिकालाई लक्षित विशिष्टिकृत कार्यक्रम विकास गर्नु २) घरपरिवार, अभिभावक, सामुदायिक संस्था तथा सरोकारवालाहरूलाई बालअधिकार र बालसंरक्षणबारे संबेदनशील बनाइ उत्तरदायित्व र स्वामित्वको बोध गराइ यसलाई आमसरोकारको विषय बनाउनु, ३) घरेलु हिंसा र अन्य कठीन परिस्थितिमा परेका बालबालिका तथा उनिका परिवारको शीघ्र पुनर्स्थापना, र ४) पालिका तह र यसका सबै वडाहरुमा प्रभावकारी बालअधिकार समिति, बाल संरक्षण संजालहरुको गठन, बिषयगत शाखाशरु बिच बालबालिकाको लागि कार्यगत एकता कायम गर्नु र बालहित कोषको स्थापना गर्नु ।

**५. अवसरहरू**

बालअधिकार तथा बालसंरक्षणका लागि निम्नानुसार थुप्रै अवसहरू रहेका छन्:

१) नेपालको संविधान को धारा ३९ मा बालबालिकाको हकलाई मौलिक अधिकारका रुपमा समावेश हुनु, र संघिय र प्रदेश स्तरिय बालबालिका सम्बन्धि ऐनहरुले स्थानिय तहलाई बालसंरक्षणको लागि निति मापदण्ड निर्माणको लागि अधिकार दिनु

२) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८,

३) राष्ट्रियस्तरका राजनीतिक दलहरूको घोषणापत्रमा बालअधिकारको सवाल समावेश हुनु,

४) कानुन, योजना, नीति, संस्थागत संरचनाको व्यवस्था,

५) बालअधिकार र बालसंरक्षणमा केन्द्रीत कार्यक्रममा विस्तार र आम समुदायको चेतनास्तरमा सुधार हुँदै आउनु,

६) विभिन्न तहका सरकारी निकाय, संघसंस्था तथा विकासका साझेदारहरू बालअधिकार र बालसंरक्षणको सवालमा सकारात्मकरुपमा सक्रिय हुनु,

७) स्थानीय तहमा निर्माण भएका बाल संरक्षणका संरचना, बालबालिका सम्बन्धी गैरसरकारी संस्था र बालबालिकाको आफ्नै संस्था वा समुह/ क्लवहरुको सञ्जाल विकास हुँदै आउनु आफैंमा सकारात्मक पक्षहरू हुन् । यि पक्षहरु राप्ती गाउँपालिकामा बालसंरक्षणका लागि अवसरका रुपमा रहेका छन् ।

## ६. बालसंरक्षण नीति

विभेद, दुर्व्यवहार, हिंसा, बञ्चितीकरण, शोषण, अपहेलना, बेचबिखन तथा ओसारपसार र बालश्रम लगायत बालबालिकालाई हानी पुर्‍याउने सवै अवस्थाहरुको जोखिमबाट बालबालिकालाई जोगाई बालबालिकाको समग्र हितको निमित्त निम्न बमोजिमको नीति अवलम्बन गरिएको छ ।

### ६.१ बालबालिकाबीच विभेद र अपहेलना

- यस गाउँपालिकाका कर्मचारी, पदाधिकारी, सरोकारवालाहरु, सेवाप्रदायक लगायत पालिकामा बसोवास गर्ने व्यक्तिहरुले परिवारमा लिङ्ग, शारिरीक वा मानसिक अवस्था, उमेर, स्वास्थ्य को आधारमा तथा आफ्नो र सौतेलो वा धर्मसन्तानबीच हेरचाह र पालनपोषणमा भेदभाव गर्न पाइनेछैन ।
- गाउँपालिकाका कर्मचारी, पदाधिकारी, सरोकारवाला, सेवा प्रदायक लगायत पालिकामा बसोवास गर्ने व्यक्तिहरुले जातजाति, लिङ्ग, धर्म, वर्ण, भाषा, भेषभूषा, आर्थिक तथा सामाजिक अवस्था, शारिरीक अवस्था, उमेर, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गर्न पाइनेछैन ।
- गाउँपालिकाले सीमान्तकृत, बञ्चितिकरण एवम् जोखिममा परेका बालबालिकाको लागि सेवा प्रदान गर्न विशेष व्यवस्था गर्न सकिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र कसैले पनि आफ्नै वा आफ्नो संरक्षणमा भए बसेका बालबालिकाको पालनपोषणमा अपहेलना गर्न पाइनेछैन ।

### ६.२ यौन शोषण तथा यौन दुर्व्यवहार

- गाउँपालिकाका कर्मचारी, पदाधिकरी, सरोकारवाला, सेवा प्रदायक लगायत गाउँपालिका क्षेत्र भित्र बस्ने कसैले पनि बालबलिकाहरुको यौन शोषण तथा यौन दुर्व्यवहार गर्न पाउने छैनन् ।
- हिंसा, यौनशोषण तथा दुर्व्यवहारबाट प्रभावितहरुलाई आवश्यकताअनुसार अल्पकालिन आश्रय स्थलमा राख्ने व्यवस्था गरिनेछ ।
- इन्टरनेट, इमेल, मोबाइलजस्ता विद्युतीय सेवा प्रदायकबाट १८ वर्ष मुनिका बालबालिकालाई यौनदुर्व्यवहार हुने सामग्री प्रचारप्रसार नगर्ने व्यवस्था गरिनेछ । साइबर व्यवसायीले बालयौन दुर्व्यवहार नहुने गरी मात्र सूचना प्रवाह तथा सेवा प्रदान गर्नेछ ।
- सरकारी निकाय, सामाजिक संघसंस्था, विद्यालय, बालसमूह तथा सञ्चार माध्यमबाट बालयौन शोषण र दुर्व्यवहारविरुद्ध व्यापक चेतना जागरण कार्य गरिनेछ ।
- विद्यालयस्तरमा बालअधिकार लगायत यौनशिक्षा तथा यौनशोषण र यौनदुर्व्यवहारका विरुद्धमा थप जोड दिइनेछ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका सेवा प्रदायक निकाय, संघ संस्था, बिद्यालय, ब्यवसायिक कम्पनी लगायतले बालबालिकाहरुको सुरक्षा र संरक्षण सुनिश्चित गर्न आचार संहिता निर्माण गर्नुपर्नेछ ।
- कानुनी कार्यान्वयन प्रक्रियाका लागि सम्बन्धित निकायसँग समन्वय एवम् अभियान चलाउने ।
- सेवा प्रदायक निकायहरुले कानुन अनुरुप अनुसन्धान प्रक्रिया प्रभावकारी गर्ने तथा सम्बन्धित सरोकार निकायमा सम्बोधन गर्न सरोकारवाला संयन्त्रहरुको क्षमता विकास गरिनेछ ।

## ६.३ शारिरिक र मानसिक दुर्व्यवहार तथा हिंसा

- पालिका, परिवार, शिक्षण सँस्था र बालगृह वा बालबालिकासंग सम्पर्कमा आउने कसैले पनि बालबालिकालाई शारिरिक र मानसिक दुर्व्यवहार तथा हिंसा गर्न पाइने छैन ।
- अंहिसात्मक अनुशासन पद्धतिको प्रयोग गर्नका लागि अभिप्रेरित गराउने ।
- पारिवारिक, समुदायिक तथा विद्यालयभित्रको शारीरिक तथा मानसिक हिंसा वा दुर्व्यवहारहरुको नियमित अनुगमन र सचेत गराउने कार्यमा जोड दिईनेछ ।
- स्थाानीयतह ,सरकारी निकाय, सामाजिक संघसंस्था, विद्यालय, बालसमूह तथा सञ्चार माध्यमबाट बालबालिका विरुद्ध हुने शारीरिक, मानसिक दुर्व्यवहार विरुद्ध व्यापक चेतनामूलक अभियान गरिनेछ ।

## ६.४ बालबालिकाको बेचबिखन र ओसारपसार

- कुनै पनि प्रयोजनका लागि बालबालिकाको वेचविखन र ओसारपसार गर्ने कार्यलाई अन्त्य गर्न सचेतनामूलक तथा प्रतिरोधात्मक अभियान गर्ने ।
- स्थानीय समुदाय स्तरसम्म बालबालिकाको बेचबिखन र ओसारपसार विरुद्ध चेतना जागरण कार्य गरिनेछ ।
- बालबालिकाको बेचबिखन र ओसारपसार बिरुद्ध संयुक्त कार्य गर्नको लागि गाउपालिका तथा वडा स्तरिय सञ्जालको व्यवस्था गरिनेछ । मानबबेचबिखन तथा ओसारपसार कार्यलाई नियन्त्रण गर्न उद्धार समिति, महिला तथा बालबालिका सेवा केन्द्र, बाल सन्जाल, सामुदायिक प्रहरी आदि को क्षमता अभिवृद्धि गरी अझ क्रियाशिल बनाइनेछ ।
- बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको परिवार र समुदायमा पुनर्स्थापनाको व्यवस्था गरिनेछ ।
- उद्धार गरिएका बालबालिकालाई निशुल्क शिक्षा, आवश्यकता अनुसार जिवन उपयोगी शिक्षा, सीपमूलक तालिम र बिउ पूँजी (सीड कोष) को व्यवस्था गरिनेछ ।
- उद्धार गरिएका बालबालिकालाई निशुल्क शिक्षा, आवश्यकता अनुसार जिवन उपयोगी शिक्षा, सीपमूलक तालिम र बिउ पूँजी (सीड कोष) को व्यवस्था गरिनेछ । गाउँटोलस्तरमा सामुदायिक तथा गैरसरकारी संस्थाहरुलाई सक्रिय गरिनेछ ।
- गाउँटोल स्तरमा सामुदायिक निगरानी समुह निर्माण गरी सक्रिय गरिनेछ ।

## ६.५ बालविवाह

- गाउँपालिका भित्र जो कसैले पनि बालबिवाह गर्न, गराउन र त्यस्तो बिवाह गर्न दुरुत्साहन गर्न हुँदैन ।
- बालविवाह विरुद्ध स्थानीय गाउँ गाउँ, टोलटोल सम्म जनचेतनामुलक र शैक्षिक जागरण गर्ने ।
- गाउँपालिकालाई बालविवाह मुक्त पालिकाको रुपमा विकास गर्ने ।
- बालविवाह रोक्न सरकारी र विकासका साझेदार सँस्थाहरुको सहकार्यमा समुदायमा आधारित सँघसँस्थाहरुलाई परिचालन गरिनेछ ।
- विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गरिनेछ साथै बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारबाही गरिनेछ ।

## ६.६ सशस्त्र द्वन्द्व प्रभावित बालबालिका

- कुनै पनि सशस्त्र द्वन्द्वमा हुन सक्ने बालबालिकाको प्रयोगलाई रोक्न क्रियाशिल हुने ।
- सशस्त्र द्वन्द्वको बालबालिकामा पर्ने प्रभावलाई न्यून गर्न समुदायमा चेतनामूलक कार्यक्रम गरिनेछ । विशेषगरी सशस्त्र द्वन्द्व लगायतका राजनैतिक क्रियाकलाप विद्यालय परिसरमा निषेध गरिनेछ ।

- द्वन्द्व प्रभावित बालबालिकाको उद्धार, उपचार, शिक्षा, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुर्नस्थापना लगायतका आवश्यक व्यवस्था गरिनेछ ।
- उपर्युक्त कार्य गर्नका लागि पालिकादेखि परिवारस्तरसम्म व्यवस्था गर्न केन्द्रबिन्दुको कार्य स्थिानीय बाल कल्याण समिति, लाई क्रियाशील गरिनेछ । यस सम्बन्धी कार्यका लागि विकासका सहकर्मी संस्था तथा नागरिक समाज र स्थानीय संस्थाको सामुहिक प्रयासमा समेत जोड दिइनेछ ।

## ६.७ पहिचानबाट बञ्चित बालबालिका

- सबै बालबालिकाको अनिवार्य जन्मदर्ता गर्न अभिप्रेरित गराउन प्रचार प्रसार गर्ने । बालबालिकाको सुलभ र छिटो तरिकाले जन्मदर्ता गर्ने व्यवस्था मिलाइनेछ ।
- जन्मदर्ता प्रमाणपत्रको प्रयोग बढाउने उपायहरुलाई बढावा दिइनेछ ।
- सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्न आवश्यक अभियानलाई प्रोत्साहित गर्ने व्यवस्था गरिनेछ ।
- जन्मदर्ता सम्बन्धी कार्य राष्ट्रिय पञ्जीकरण विभागबाट प्रचलनमा रहेको सूचना प्रणालीमा व्यवस्थित गरिने
।
- बाबुआमा पत्ता नलागेका र पहिचान नखुलेका पालिका भित्र फेला परेका बालबालिकाहरुलाई आवश्यक पहिचानको लागि प्रयास गरिनेछ ।

## ६.८ बालश्रम

- बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ बमोजिमको शर्त पुरा नभएको सबै प्रकारको बालश्रम यस पालिकामा दण्डनिय हुनेछ ।
- पालिकाका कर्मचारी जनप्रनिधिहरु तथा सरोकारवालाहरुले बालश्रमको प्रयोग गर्न पाउने छनन् ।
- १४ बर्ष उमेर पुरा नगरेका बालबालिकालाई श्रमिकका रुपमा प्रयोग गर्ने प्रचलन, ब्यवहार, परम्परालाई निरुत्साहित गर्न बालश्रम प्रयोग कर्ता एवं रोजगार दाताहरुलाई स्थानीय सरकार मार्फत् आवश्यक कार्यवाही गरिनेछ ।
- १८ बर्ष उमेर पुरा नगरेका बालबालिकालाई श्रममा लगाउने रोजगारदाताहरुलाई बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ बमोजिमको शर्त पुरा नगरेको अवस्थामा सो ऐन बमोजिमको कार्यवाही गर्न श्रम कार्यालयसंग समन्वय गरिनेछ ।
- बालश्रमको प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइनेछ । जोखिमयूक्त एवं निकृष्ठ प्रकारको बालश्रम प्रयोग कार्यलाई निरुत्साहित गर्नका लागि सम्बन्धित सरोकारवाला निकाय, पालिका तथा वडा स्तरिय बालअधिकार समिति, बालसंरक्षण सञ्जाल तथा वडा समितिहरुलाई परिचालन गरी कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- उद्धार गरिएका बालश्रमिकको पारिवारिक तथा सामाजिक पुनर्स्थापनाको लागि आवश्यक सहयोगमा जोड दिनेछ । यस कार्यका लागि विकासका साझेदारहरुसँग सहकार्य पनि गरिनेछ ।
- सबै प्रकारका बालश्रमसँग सम्बन्धित तथ्याङ्क संकलन र सूचना प्रणाली ब्यवस्थित गरिनेछ ।
- बालश्रम निवारणको लागि पालिका स्तरिय छुट्टै रणनिति निर्माण गरी कार्य गरिनेछ ।

## ६.९ एच.आइ.भि.र एड्सबाट संक्रमित र प्रभावित बालबालिका :

- एचआईभी र एड्सबाट रोकथाम, सुरक्षित उपायहरु, रक्त परीक्षण लगायत एचआईभी र एड्स शिक्षा सम्बन्धमा व्यापक चेतना अभिवृद्धि गर्ने व्यवस्था गरिनेछ ।
- एचआईभी र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिकाको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ । यस कार्यका लागि स्थानीय सरकारको अंगहरु र विकासका साझेदारलाई परिचालन गरिनेछ ।
- स्वास्थ्य सेवामा एचआईभि प्रभावित र एड्स संक्रमित बालबालिकाको पहुँचलाई सहज बनाइनेछ ।
- एचआईभी र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिका निमित्त स्वास्थ्य, पोषणलगायतका आधारभूत सेवा, पारिवारिक, सामुदायिक तथा सँस्थागत पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । यसका निमित्त

विकासका सहकर्मीहरुसँग सहकार्य गरिनेछ । साथै लागू औषध प्रयोगकर्ताहरूका लागि पुनर्स्थापना कार्यक्रम चलाउने ।

- एचआईभि र एड्स संक्रमित बालबालिकाको पहिचान खुल्ने विवरणलाई गोप्य राख्ने व्यवस्था मिलाइनेछ ।
- ARV सेवालाई पालिका व्यापी रुपमा विस्तार गरिनेछ र यस कार्यमा विकासका सहकर्मीहरुलाई पनि प्रोत्साहन गरिनेछ ।

### ६.१० अपाङ्गता भएका बालबालिका

- अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त गरिने व्यवस्था मिलाइनेछ ।
- अपाङ्गता हुन सक्ने कारण, रोकथामका उपाय र आवश्यक हेरचाहका बारेमा चेतना जागरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्यजस्ता आधारभूत सेवामा सहज पहुँचको व्यवस्था सुनिश्चित गरिनेछ । यसका निमित्त अपाङ्गताको प्रकृतिअनुसारका आवश्यक सहयोगी सामान, उपकरण तथा पुस्तकको व्यवस्थामा जोड गरिनेछ ।
- सार्वजनिक स्थल तथा भवनहरुमा, सूचना संचारमा, अतिरिक्त क्रियाकलापमा अपाङ्गता भएका बालबालिकाको सरल र सहज पहुँच बढाउन आवश्यक पर्ने भौतिक सुविधा र संयन्त्रको विकासमा जोड दिनेछ ।
- अति कठीन अवस्थाका अपाङ्गता भएका बालबालिकाको लागि उद्धार तथा पुनर्स्थापना केन्द्रको व्यवस्था गरिनेछ ।
- मानसिक सन्तुलन गुमाइसकेका र परिवारले पालनपोषण तथा हेरचाह गर्न नसकेका बालबालिकालाई विशेष सहयोग र हेरचाहको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाका उपलब्धिहरुलाई नमुनाका रुपमा पहिचान र प्रवर्द्धन गर्ने ।
- अपाङ्गता भएका बालबालिकाको सामाजिक मान्यताका लागि अभियान चलाउने ।
- समुदाय, विद्यालय, स्वास्थ्य संस्थाजस्ता सार्वजनिक निकायमा अपाङ्गता भएका बालबालिका माथि हुने गरेका विभेद उन्मूलन गर्न प्रचार-प्रसार गरिनेछ । साथै, यस्ता बालबालिकालाई हिनता बोध गराउने, अपहेलना गर्ने, स्याहार सुसार कम गर्ने जस्ता सोच तथा व्यवहार विरुद्ध चेतना जागरण गरिनेछ ।
- अपाङ्गता भएका बालबालिका बिरुद्ध हिंसा, भेदभाव, दुर्व्यवहार, यौन दुर्व्यवहार, बिभेद गर्ने व्यक्ति वा परिवार वा संघसंस्था बिरुद्ध पालिकाको तर्फबाट हुन सक्ने हदै सम्मको कार्यवाही र नसिहत गरिनेछ ।

### ६.११ परिवार विहिन, परित्यक्त र वेवारिसे बालबालिका :

- बाबु र आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र बाबुआमामध्ये एक भए पनि पालनपोषण गर्न सक्षम नभएका वा परित्यक्त वा वेवारिसे बालबालिकाको पहिचान र अभिलेखका निमित्त सारोकारवाला निकायको क्षमता अभिबृद्धी गरिनेछ ।
- बालबालिकाको आफ्नै आमाबाबु वा नातागोतामा हेरचाह गर्ने कार्य प्रवर्द्धन गर्न उपयुक्त समन्वयात्मक कार्यक्रम ल्याइनेछ । यसका निमित्त पारिवारिक सहयोग वृत्ति, आवधिक हेरचाह, व्यवसायिक तालिम, जिविकोपार्जन, जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ ।
- बाबु र आमा दुबै नभई हेरचाह गर्ने कोही नभएका र आफ्नै परिवार र नातागोतामा पालनपोषण हुन नसक्ने बालबालिकालाई देशभित्र नै धर्मसन्तान भई पालनपोषण गर्नका निमित्त धर्मसन्तान प्रक्रियाका सम्बन्धमा जानकारी गराइनेछ ।
- बालगृह मार्फत गरिने सँस्थागत स्याहारलाई अन्तिम विकल्पको रुपमा मात्र प्रवर्द्धन गरिनेछ र यसका लागि मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।
- परित्यक्त र वेवारिसे बालबालिकाको सम्बन्धमा स्थानीय निकाय र अन्य सरकारी कार्यालय मार्फत् बाबुआमा तथा परिवार खोजी गर्ने उपयुक्त प्रक्रिया अवलम्बन गरिनेछ । बाबुआमा वा नातागोता भेटिएमा माथि उल्लेख गरिए बमोजिम परिवारमा नै राखी हेरचाह गर्ने उपाय अबलम्बन गरिनेछ ।
- यस्ता बालबालिकाको आवस्यक तुरुन्त राहत र पुनर्स्थापनाका लागि पालिका देखि वडास्तरसम्म बालहित कोषको व्यवस्था गरिनेछ ।

- यस्ता बालबालिकाको तुरुन्त उद्धारका लागि हट-लाइन टेलिफोन सेवा र उद्धार गर्ने व्यवस्था गरिनेछ । यस कार्यमा विकासका सहकर्मीहरुसँग सहकार्य गरिनेछ वा प्रोत्साहन गरिनेछ ।
- समन्वयात्मक र सिफारिस प्रणाली व्यवस्थित गरी तिनलाई प्रभावकारी बनाईनेछ ।

## ६.१२ सडकमा आश्रित बालबालिका

- **सडकमा आश्रित** बालबालिकाको अभिलेख दुरुस्त गर्न स्थानिय तहको सम्बन्धित अंगलाई परिचालन गर्ने ।
- सडकमा आएका बालबालिकालाई तुरुन्त उद्दार गरी ट्रान्जिट सेन्टरमा राख्ने एवम परिवारमा पुर्नएकीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि पारिवारिक सहयोग र अन्य कार्यक्रमसमेत सञ्चालन गरिनेछ ।
- **सडकमा आश्रित** बालबालिकाको उद्धार, पुनर्स्थापना (स्वास्थ्य सेवा, मनोविमर्श, कुलत छुटकारा), सामाजिकिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस कार्यकालागि बाल संरक्षण तथा सम्बर्धन समिति र स्थानिय सरकारको सम्बन्धित अंगलाई जिम्मेवार बनाई क्षमता अभिवृद्धि गरिनेछ । यस कार्यका लागि विकासका साझेदारसँग सहकार्य गरिनेछ ।

## ६.१३ कानूनको बिबादमा परेका बालबालिका:

- बिज्यांई गरेको भनी आरोप लागेका बालबालिकाले गरेको सामान्य प्रकृतिका बिज्यांईलाई समुदायमा नै बालबालिकाको उच्चतम हितलाई ध्यान दिई निप्टारागर्ने ।
- औपचारिक कानूनी प्रक्रियाका हरेक तहलाई बालमैत्री बनाइनेछ । क्रमश: स्थानिय तहका सबै निकायहरुमा बालबालिकाको निमित्त बालमैत्री विशेष इकाईहरु स्थापना गर्न जोड दिने र ती इकाईहरुलाई सशक्तिकरण गर्ने ।
- बालइजलासलाई प्रभावकारी बनाउने ।
- सबै कार्य गर्दा बालबालिकालाई मद्दत र सुधार गर्ने लक्ष्य राखिनेछ ।
- नि:शुल्क कानूनी सहायताको व्यवस्था गर्ने ।
- समुदायमा आधारित संस्थाहरु तथा सेवा प्रदायकहरूले कानुनको बिवादमा परेका बालबालिकाको पुन:एकीकरणमा सहयोग गर्नका लागि परामर्श र पारिवारिक सहायता उपलब्ध गराउने ।
- औपचारिक कानूनी प्रक्रियामा बालबालिकाको विचार, दिर्घजीबन र विकास, सर्बोत्तम हितलाई महत्व दिने ।

## ६.१४ अपराधबाट पीडित र साक्षी बालबालिका

- कुनै अपराधबाट वा कसैले पुर्‍याएको हानीबाट पीडित बालबालिकालाई उचित संरक्षण गर्ने ।
- पीडित बालबालिकाको उद्धार, उपचार, मनोविमर्श, आकस्मिक स्याहार, कानूनी प्रतिनिधित्व, भौतिक सुरक्षा लगायतको अन्य सहयोग पुर्‍याउनु पर्नेछ ।
- बालसंरक्षण सरोकारका मुद्दाहरुमा भएका साक्षी बालबालिकाको सुरक्षा र आवतजावतको उचित प्रबन्ध गर्नुपर्नेछ ।
- औपचारिक कानूनी प्रक्रियामा बालबालिकाको विचार, दिर्घजीबन र विकास, सर्बोत्तम हितलाई महत्व दिने र उनीहरुको गोपनियताको हकलाई संरक्षित गरिनेछ ।

## ६.१५ विद्यालय शिक्षाबाट वञ्चित बालबालिका

- आफ्नो सेवा क्षेत्रभित्र बिद्यालयबाट बञ्चित बालबालिकाको अभिलेख तयार पारी तिनको प्रभावकारी रुपमा व्यवस्थापन गर्ने ।
- विद्यालयहरुले अनुपस्थित हुने बालबालिकाको अनुगमन गरेर परिवार र बालबालिकालाई आवश्यक मनोसामाजिक परमर्श गर्ने ।
- स्थानीय सरकार लगायत गैरसरकारी संस्थाले न्यायोचित र समतामूलक छात्रवृत्ति मापदण्ड तय गरी वितरण गर्ने साथै बालबालिकाको विद्यालय निरन्तरता सुनिश्चित गरी अनुगमन गर्ने ।

- गैरसरकारी संस्थाहरुलाई विपन्न परिवारका लागि आयआर्जन परियोजनाहरु सञ्चालन गर्न सहयोग गर्ने ।
- सेवा प्रदायकहरु मार्फत् आवश्यक स्थानमा अस्थायी विद्यालय स्थापना गर्ने ।
- बालबालिकालाई औपचारिक विद्यालयमा पुनःप्रवेश गर्नका लागि समुदायमा आधारित संस्थाहरुलाई सहयोग गर्ने ।

**६.१६ बेचबिखन र ओसारपसारः**

- बिद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका लागि वकालत गर्ने ।
- सामुदायिक सुरक्षित बातावरणको महसुस गराउने ।
- बालबेचबिखन र ओसारपसारका घटनाहरुबारे सम्बन्धित निकायमा तत्कालै उजुरी गर्ने वातावरण बनाउने ।
- मानव बेचबिखनकर्ता वा ओसारपसारकर्ताबाट बालबालिकालाई छुटाउनका लागि तत्काल स्थानिय प्रहरीसंग समन्वयात्मक कार्य (ऐक्शन) गर्ने ।
- मुक्त भएका बालबालिकाका लागि प्रभावकारी रुपमा कानुनी लगायत आवश्यक सहयोग उपलब्ध गराउने तथा सामाजिक पुनःएकीकरणका लागि पारिवारिक विमर्श गर्ने ।

**६.१७ हानीकारक अभ्यासहरु :**

- परम्परा, रितिरीवाज, सँस्कृति, जात, लिंग, धर्मका आधारमा बालबालिकालाई हानी पुर्‍याउने सबै किसिमका प्रचलनहरुलाई निरुत्साहन गरिनेछ ।
- हानीकारक अभ्यासहरु विरुद्ध प्रचारप्रसार गरिनेछ ।
- हानीकारक अभ्यासमा संलग्न गराइएका बालबालिकालाई उद्धार गरी, पारिवारिक पुर्नस्थापनाको व्यवस्था गरिनेछ ।

**६.१८ बालबालिकालाई संरक्षण गर्नुपर्ने अन्य अवस्थाहरू :**

- **आश्रित बालबालिका** : बाबु वा आमा वा दुबै जेलमा परी हेरचाह गर्ने अरु कोही नभई आश्रितका रुपमा बसेका बालबालिकालाई सँस्थागत हेरचाहको व्यवस्था गरिनेछ ।
- **हराएका वा अलपत्र अवस्थामा भेटिएका** : हराएका वा अलपत्र अवस्थामा भेटिएका बालबालिकालाई उद्धार गर्ने, अस्थायी बालकेन्द्रमा राखी बाबुआमा वा परिवार खोज्ने, परिवारमा पुर्नएकीकरण र पुर्नस्थापना गर्नका लागि महिला तथा बालबालिका सेवा केन्द्र र आबधिक बाल गृहलाई क्षमता अभिवृद्धि गरिनेछ । यस कार्यका लागि विकासका साझेदारसँग सहकार्य गरिनेछ ।
- **बिपन्न परिवारमा जन्मेका तिम्ल्याहा-चम्ल्याहा बालबालिका** : यी बालबालिकाका निमित्त १८ वर्षसम्मको लागि शिक्षा, जीवनोपयोगी तालिम, स्वास्थ्य जस्ता आधारभूत सेवा निःशुल्क व्यवस्था गरिनेछ ।
- **हानीबाट जोगाउने सुरक्षित मापदण्डहरु निर्धारण** : सार्वजनिक स्थलमा वा सवारी साधनबाट बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउने सुरक्षित मापदण्डहरु निर्धारण गरी कार्यान्वयन गरिनेछ ।
- गर्भ मै बालबालिकाको लिङ्ग पहिचान गर्ने, लिङ्गका आधारमा भेदभाव गर्ने र गर्भपतन गर्ने अवस्थालाई निरुत्साहन गरी त्यस विरुद्ध प्रचारप्रसार गरिनेछ ।
- लागूऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुर्नस्थापनाका लागि उपचारात्मक, मनोविमर्शात्मक तथा अन्य सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि विकासका साझेदार, व्यवसायिक र नीजि क्षेत्रसँग समेत समन्वय गरिनेछ ।
- **प्राकृतिक बिपत्तिबाट प्रभावित तथा आन्तरिक विस्थापित बालबालिकाः** यी बालबालिकाका लागि आधारभूत सेवा सुविधामा पुहँचको सुनिश्चितताको व्यवस्था गरी जीवनयापन सहज बनाइनेछ । यस कार्यका लागि विकासका साझेदारसँग सहकार्य गरिनेछ ।

**७. गाउँ बालसंरक्षणका प्रमुख नीति**

- बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लगायत नेपाल सरकारले अनुमोदन गरेका र अन्तर्राष्ट्रिय स्तरमा बालअधिकार र बालसंरक्षण सम्बन्धमा व्यक्त गरेका प्रतिवद्धताहरू अनुसार बालबालिकालाई विभिन्न प्रकारका हेला, शोषण, हिंसा, दुर्व्यवहार, भेदभाव, समस्या, कष्ट आदिबाट संरक्षण गर्नको लागि पालिका स्तरमा आवश्यक नितिगत सुधारहरु गर्दै जाने ।
- बालसंरक्षणका सवालहरुलाई पालिकाको योजना तर्जुमा प्रक्रियामा प्राथमिकताकासाथ समावेश गरी मुलप्रवाहीकरण गर्ने ।
- सम्बद्ध विषयगत र स्थानीय सरकारको वार्षिक कार्यक्रम र बजेट बिनियोजनमा बालसंरक्षणमा लक्षित कार्यलाई प्राथमिकता दिने ।
- बालसंरक्षणको सवाललाई प्रभावकारी रुपमा सम्बोधन गर्न सरोकार निकाय र पालिका तथा वडा स्तरिय बाल अधिकार समितिलाई स्पष्ट जिम्मेवारीको व्यवस्था गरी ती संयन्त्रहरुको क्षमता अभिवृद्धि गर्ने ।
- बालसंरक्षण अर्न्तगत अति कठीन अवस्थामा रहेका बालबालिकालाई सहयोग गर्नका लागि पालिका देखि वडास्तरसम्म बालकोषको व्यवस्था गरी निर्देशिका बनाइ कार्यान्वयन गर्ने ।
- विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक सँस्था लगायत बालबालिकासँग प्रत्यक्ष सम्बन्ध हुने सबै सँस्थाले आफ्नो परिसर एवम् कार्यस्थलमा बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउन बालसंरक्षण सम्बन्धी आचारसंहिता बनाइ कार्यान्वयन गर्ने र त्यसको अनुगमन तथा प्रचारप्रसार गर्ने ।
- बालबालिकालाई प्रतिकुल हुने गरी बालबालिकाको पहिचान खुल्ने श्रब्य, दृष्य वा छापा माध्यमबाट गोपनियता भङ्ग गर्न नहुने । साथै कुनै पनि बालबालिकाको गोपनियताको अधिकारलाई संरक्षण गरिनेछ ।
- गाउँपलिकामा निःशुल्क बाल हेल्पलाईन सञ्चालन गर्ने ।
- बालसंरक्षणका मुद्दाहरुमा पीडितलाई निःशुल्क कानूनी सेवा, क्षेतीपूर्ती र अन्य सहयोग उपलब्ध गराउने । बालबालिकाको कानूनी प्रक्रियाको हरेक तहलाई बालमैत्री बनाइने ।
- विद्यालय र बालबालिका सक्रिय रहने अन्य क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गरिनेछ ।
- बालसंरक्षणका सवालहरुमा पालिका क्षेत्र भित्र चेतना अभिवृद्धि गरिनेछ ।
- बालसंरक्षणका सवै सवालहरुको सम्बोधन गर्दा बालबालिकाको उच्चतम हित, उनीहरुको विचार र सहभागितालाई सम्मान गरिनेछ ।
- बालमैत्री विद्यालय, परिवार, गाउँटोल, वडाको लागि पैरवी गर्ने एवम् बालमैत्री स्थानीय शासनलाई प्राथमिता दिने ।
- बालसंरक्षणका लागि निवारक (प्रीभेन्टिभ) र प्रारम्भिक हस्तक्षेप (अर्लि ईन्टरभेन्सन) तथा घटना ब्यवस्थापन (केस मेनेजमेन्ट) का उपायहरु अवलम्बन गर्ने ।
- बालसंरक्षणका जोखिमबाट प्रभावित बालबलिकालाई सहयोग गर्न सिफारिस गर्ने (रेफरल) र समन्वय (लिंकेज वा कोओर्डिनेशन) प्रणाली विकास गर्ने ।
- आवधिक बालगृह सञ्चालन तथा व्यवस्थापनका लागि सरकारले निर्धारण गरेको न्यूनतम मापदण्डको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने र सो सुबिधा दिन गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गर्ने । साथै बालगृहमा बालबालिका राख्न सिफारिस प्रणाली व्यवस्थित गर्ने ।
- बालबालिकाहरुको गोपनियता सुनिश्चित गर्दै सुसुचित सहमति लिने ब्यवस्था मिलाईने छ ।
- बालबालिकाहरुसंग सरोकार राख्ने बिषय वा उनीहरुको जीवनमा असर पर्ने कुनै पनि निर्णय गर्दा बालबालिकाको संस्थागत वा प्रतिनिधिमूलक सहभागिता सुनिश्चित गरिने छ ।

## ८. गाउँ बालसंरक्षण नीति कार्यान्वयनको रणनीति

बालसंरक्षण नीतिहरु प्रभावकारी कार्यान्वयन गर्न निम्न रणनीतिहरु अवलम्वन गरिनेछन् :

- **विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन:** बालबालिकासँग सम्बन्धित नेपालका सबै कानुनहरुको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकार र संघिय सरकारसंग पैरवी गर्ने । यसका साथै पालिकामा पनि बालबालिकासंग सम्बन्धित कानुनहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन तथा सिफारिस प्रणलीको व्यवस्था गर्ने ।

- **बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरुलाई गाउँपालिकाको मूलधारमा समाहित :** पालिकाका गाउँ विकास प्रक्रियामा बालसंरक्षण सम्बन्धी नीति र कार्यक्रमलाई मूलप्रवाहीकरण गर्ने । नेपाल तथा प्रदेश सरकार, पालिका र विकासका साझेदारबाट हुने कार्यक्रममा बालसंरक्षणका विषयलाई समावेश गर्न प्रोत्साहन गरिनेछ । बालसंरक्षण तथा बालबालिका सम्बन्धी नीति र कार्यक्रमलाई सम्बन्धित विषयगत कार्यालय तथा निकायहरुको नियमित विकास प्रयासमा आन्तरिकीकरण गर्ने ।
- **बाल अधिकार समिति र बालसंरक्षण सञ्जाल विकास :** बालसंरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न बालबालिकासँग कार्य गर्न पालिका तथा वडा स्तरिय बाल अधिकार समितिको गठन गर्नुका साथै सरकारी, विकासका साझेदार, नागरिक समाज, सामुदायिक संस्था एवम् बालसमूह सम्मिलित अनौपचारिक बाल संरक्षण सञ्जाल पालिका देखि वडा स्तरसम्म स्थापना गरी परिचालन गर्ने ।
- **सीमान्तीकृत स्थान र समुहमा कार्यक्रम बढाउने :** बालबालिका सम्बन्धी लक्षित कार्यक्रमहरु सीमान्तीकृत समुदाय, परिवार, क्षेत्र र समूहका बालबालिकामा सिधै प्रभाव पर्ने गरी र उनीहरुको प्रत्यक्ष संलग्नता र अपनत्व अभिवृद्धि हुने गरी सञ्चालन गर्ने ।
- **बालअधिकारको संरक्षणबारे चेतना जागरण गर्ने :** गाउँपालिका र वडा स्तरसम्म बालअधिकार अन्तर्गत विशेषगरी संरक्षणसम्बन्धी अधिकारबारे सञ्चारको उपयुक्त माध्यमबाट चेतना जागरण गर्ने । बालसंरक्षण सम्बन्धी खुला छलफल अगाडि बढाउने ।
- **पारदर्शिताः** नीति, कार्यक्रम, स्रोत परिचालन र उपलब्धि बाँडफाँडमा सम्वद्ध निकायहरुबीच र बालबालिकालाई सहज हुने गरी जानकारी पारदर्शी ढङ्गबाट गर्ने संयन्त्रको विकास गर्ने ।
- **संस्थागत संयन्त्रको क्षमता विकासः** बालअधिकारमुखी दृष्टिकोणबाट योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि आवश्यक संस्थागत र प्रशासनिक संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गर्ने । बालबालिकासँग प्रत्यक्ष काम गर्ने सहजकर्ता र सहकर्मीहरुबाट बालविकासको निम्ति आवश्यक सीपको प्रयोग गर्नको निम्ति प्रोत्साहित गर्ने तथा बालसंरक्षण नीति कार्यान्वयनको लागि गठित सरकारी तथा न्यायिक संरचनाहरुको क्षमता अभिवृद्धि गर्ने ।
- **तथ्यांकीकरण गर्नेः** बालसंरक्षणसँग सरोकार भएका बिषयमा सम्बन्धित निकाय संस्थासँग रहेका तथ्याङ्कहरू एकीकरण खण्डिकरण गरी अद्यावधिक गर्दै लाने र उपयोग, वितरण तथा प्रकासन गर्ने । साथै नयाँ सवालहरू तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने ।
- **प्रतिवद्धताः** बालसंरक्षण नीतिलाई सरकारी, गाउँ कार्यपालिका, वडा समिति, विकासका साझेदार निकाय तथा राजनैतिक दल तथा पदाधिकारीहरूले लिखित प्रतिबद्धता गराउने र कार्यान्वय गर्न सहमत भएको हस्ताक्षर गराउने ।
- **बालबालिकाकाको क्षमता अभिवृद्धिः** बालबालिकालाई आफ्नो हक तथा बालसंरक्षणमा उनीहरुको भुमिका तथा जिम्मेबारी बारे बोध गराउनका लागि गाउँ/टोल, वडा, पालिका स्तर सम्म बालक्लब/समुह, सञ्जालको गठन र क्षमता अभिबृद्धी गर्नुका साथै उचित परिचालनको ब्यवस्था गर्ने ।

## ९. पालिकामा बालसंरक्षण नीति कार्यान्वयनका लागि संस्थागत व्यवस्था

विद्यमान संस्थागत संरचनाबाटै आवश्यक क्षमता विकास गरी यो नीति कार्यान्वयन गरिनेछ । बालसंरक्षणको सवालसँग प्रत्यक्ष वा परोक्ष सरोकार रहने पालिका तथा वडा बाल अधिकार समिति तथा बालसरक्षण सञ्जाल, सरकारी निकायहरु, पालिका स्थित आङ्गिक कार्यालयहरु, वडा समिति, गाउँटोल विकास संस्था, सामुदायिक संस्था, नागरिक समाज, बालक्लब/सञ्जाल, गैरसरकारी संस्था लगायत विकासका साझेदारहरुबीच यस नीति कार्यान्वयनबारे समान बुझाइको विकास गरिनेछ ।

यी सबै सँस्थाको क्षमता अभिवृद्धि गर्दै बालसंरक्षणका लागि जिम्मेवार बनाइनेछ । यस सवालमा साझेदार संस्थाहरुसंग पालिकाले आर्थिक भौतिक लगायत आवश्यक सहयोग समेतमा सहकार्य गर्नेछन् ।

## १०. उजुरीको ब्यवस्थाः

यस नितिमा उल्लेख गरेका कार्य गर्न भनेकोमा नगरेको वा नगर्न भनेकोमा गरेको वा यस नितिको बर्खिलाफ कुनै पनि व्यवहार गरेको वा नेपाल कानुन बमोजिमका बालबालिकाहरुको सुरक्षा, संरक्षण, बिकास, सहभागिता, शिक्षा, स्वास्थ्य, उचित हेरचाह, मनोरञ्जन आदिको अधिकार तथा बालबिवाह, हिंसा, शोषण, दुर्व्यवहार, अपहेलना, बँधुवा, बेचबिखन, यौन तथा अन्य प्रकारको शोषण, बालश्रम जस्ता बालबालिकाहरुको अधिकारको उलंघन गरेमा निम्न अनुसार उजुरी गर्न सकिने छ ।

क) यस्ता प्रकारका बाल अधिकारको उलंघन भएको थाहा पाउने जोसुकै सराकारवालाले उजुरी गर्न सक्ने छन् ।

ख) यस्तो उजुरी पालिकाको न्यायिक समिति मा सिधै वा वडा वा पालिका स्तरिय बाल अधिकार समिति मार्फत स्थानिय न्यायिक समितिमा गर्न सकिने छ ।

ग) यस्तो उजुरी परेमा बाल अधिकार उलंघनको घटनाको गंभिरतालाई ध्यानमा राख्दै अति गंभिर प्रकृतिको उजुरीमा पालिकाको प्रक्रिया बमोजिम तत्काल सुनुवाइ, उद्धार, संरक्षण आदि प्रक्रिया अगाडी बढाई निरुपण गर्नुपर्दछ ।

घ) नेपाल कानुन बमोजिम फौजदारी कसुर हुने प्रकृतिको घटना रहेछ भने तत्काल सिफरिस समेत त्यस्तो उजुरी हेर्ने निकायमा संप्रेषण गर्नु पर्ने छ ।

## **११. बालसंरक्षण नीति कार्यान्वयनको समन्वय, अनुगमन र मुल्याङ्कन व्यवस्था**

**समन्वयः** आवधिक र वार्षिक कार्यक्रम तर्जुमा प्रक्रियामा पालिका भित्रका बिषयगत शाखाले समन्वय गनुपर्नेछ । यस कार्यमा पालिका स्तरिय बाल अधिकार समितिले आवश्यक सहजीकरण गर्नुपर्नेछ । पालिका तथा वडा बाल अधिकार समितिले विकासका साझेदारहरुबीच कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समन्वय गर्नेछ । साथै सरोकारवाला निकायहरु, बालक्लबको संजाल, पालिका तथा वडा स्तरिय बालसंरक्षण सञ्जाल आदिले कार्यपालिकासँग समन्वय गरी नीति कार्यान्वयन प्रभावकारी बनाउन समन्वय गर्नेछ ।

**अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदनः** पालिका तथा वडा स्तरिय बाल अधिकार समिति, बाल मैत्री स्थानीय समिति, बालसंरक्षण समितिले यस नीतिको कार्यान्वयनको अनुगमन र मुल्याङ्कन गर्नेछ । यी निकायहरूको अनुगमन र मुल्यांकन जिल्ला बालकल्याण समिति र राप्ती गाउँकार्यपालिकाले पनि गर्नेछ ।

पालिकामा बालसंरक्षण नितिको प्रभावकारीता तथा प्रगति बिवरण समेतको बार्षिक प्रतिवेदन पालिका स्तरिय बाल अधिकार समितिले बनाउनु पर्नेछ र सो प्रतिवेदनको प्रतिलिपी बिकासका साझेदार संस्था, कार्यपालिका र बाल अधिकार परिषदमा समेत हस्तान्तरण गर्नुपर्नेछ ।

**सन्दर्भ सामाग्री हरु :**

- गाउँपालिका स्तररिय बाल संरक्षण निति निर्माण गोष्ठी ३ पटक छलफल
- बेस संस्थाको तर्फबाट मस्यौदा निर्माण
- राप्ती गाउँपाकिलामा मस्यौदा प्रस्तुती र छलफल पश्चात अनुमोदन गरि कार्यपालिकाको बैठकमा पेश ।
- गाउँपालिकाको …….. औ बैठकमा पेश, प्रस्तुत छलफ पश्चात अनुमोदन ।

**शब्दकोषः**

यस राप्ती गाउँपालिकाको बालसंरक्षण निति २०७८ प्रयोग गरिएका निम्न शब्दहरुले निम्न बमोजिमको अर्थ राख्दछन्ः

१. पालिकाः राप्ती गाउँपालिका,

२. कार्यपालिकाः राप्ती गाउँपालिकाको कार्यपालिका,

३. बिकासका साझेदार संस्थाः राप्ती गाउँपालिकामा औपचारिक रुपले समन्वय गरी पालिकाको बिकासमा सहयोग गरी रहेका गैर सरकारी संस्था लगायतका संघ संगठनहरु,

४. पालिका स्तरियः राप्ती गाउँपालिका स्तरिय,

५. वडा स्तरियः राप्ती गाउँपालिकाको वडा स्तरिय,

६. सामुदायकि संस्थाः समुदायमा आधारित संस्था (बाल क्लब, महिला सञ्जाल, जेष्ठ नागरिक, अपाङ्ग, दलित सञ्जाल, सहकारी संस्था, बन उपभोक्ता समिति आदि)
७. बालअधिकारः नेपालको संबिधानको धारा ३९, बालबालिका सम्बन्धि ऐन २०७५ र बालअधिकार सम्बन्धि अन्तर्राष्टिय महासन्धि १९८९ मा उल्लेख भएका सबै प्रकारका बालअधिकारहरु ।
८. बालसंरक्षण नितिः राप्ती गाउँपालिकाको बालसंरक्षण निति २०७८ ।

**प्रमाणिकरण मितिः** ..........

**प्रमाणित गर्ने अधिकारीको नामः** ............

**पदः** .........

**हस्ताक्षरः** ............

**धन्यबाद ।**